# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०३ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा आठौ विजिटर्स पुरस्कार प्रदान गर्नुभयो।
- पश्चिम बंगालमा आजदेखि उच्च माध्यमिक परीक्षा सुरु भएको छ, यस वर्ष, ५.०९ लाख विद्यार्थीहरूले परीक्षा दिनेछन्| जसमा दार्जिलिङ जिल्लाबाट 4206 अनि कालेबुङ जिल्लाबाट २७७० विद्यार्थीहरूले परीक्षा दिनेछन्|
- हिल प्लान्टेशन इम्प्लोइज युनियन(एचपीइयु)द्वारा लङ्भ्यू चियाबारीमा वर्षको पहिलो पत्ती टिप्न नदिने भन्दै धर्ना गरे लगत्तै मालिकपक्षबाट नो वर्क, नो पे-को नोटिस टाँसेपछि स्थिति अझ तनावपूर्ण बनेको छ।
- कालेबुङ थाना साथै कालेबुङसित सम्बन्धित ऐतिहासिक दस्तावेजहरु सङ्ग्रह गरेर कालेबुङ पुलिसले 'कालेबुङ पुलिस आर्काइब्स' शुरु गरेको छ।
- पाँचौँ बंगाल हिमालयन कार्निभल 2025 सोनादाको शेर्पा गुम्बामा समापन भएको छ।

## राष्ट्रपति-पुरस्कार

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा राष्ट्रपति भवनमा आठौ विजिटर्स पुरस्कार प्रदान गर्नुभयो। यस अवसरमा उँहाले देशका धेरै शैक्षिक संस्थानहरूमा वैश्विक ब्रान्ड वैल्यू हासिल गर्ने क्षमता रहेको बताउनुभयो। उँहाले देशमा शोधलाई थप प्रोत्साहन दिने आवश्यकता माथि जोड दिनु भयो। राष्ट्रपतिले उच्च शिक्षा संस्थानहरूलाई आर्टिफिशियल इंटेलिजेंसको क्षेत्रमा नयाँ प्रयास गर्न पनि आग्रह गर्नुभयो।

## जयशंकर-ब्रिटेन

विदेशमन्त्री डा. एस. जयशंकर भोलिदेखि ब्रिटेन र आयरल्याण्डको आधिकारिक भ्रमणमा रहनुहुनेछ। विदेश मन्त्रालय अनुसार भारत र ब्रिटेन बीच व्यापक रणनीतिक साझेदारी कायम छ। दुई देशबीच रक्षा, सुरक्षा, व्यापार, अर्थव्यवस्था, स्वास्थ्य, शिक्षा र पारस्परिक सम्बन्ध लगायत विभिन्न क्षेत्रमा द्विपक्षीय सम्बन्ध मजबूत छ। भ्रमणको क्रममा डा. जयशंकरले ब्रिटेनका विदेश सचिव डेभिड लैमीसित बैठक गर्नुका साथै कैयन गणमान्य व्यक्तीहरुसित भेटवार्ता गर्नुहुनेछ।आयरल्याण्डको आफ्नो दुई दिने भ्रमणको क्रममा डा. जयशंकरले आयरल्याण्डका उँहाका समकक्षी साइमन हैरिस र अन्य गणमान्य व्यक्तिहरूसित भेटबार्ता गर्नुहुनेछ। त्यहाँ उँहाको भारतीय समुदायका मानिसहरूसित पनि भेटघाटको कार्यक्र रहेको छ। भारत र आयरल्याण्डबीच साझा लोकतान्त्रिक मूल्य, सांस्कृतिक सम्बन्ध र आर्थिक साझेदारीमा आधारित मैत्रीपूर्ण द्विपक्षीय सम्बन्ध छ।

## उच्च माध्यमिक परीक्षा

पश्चिम बंगालमा आजदेखि उच्च माध्यमिक परीक्षा सुरु भएको छ। यसैबीच, सीपीआई(एम) को विद्यार्थी शाखा एसएफआईले राज्यव्यापी हडतालको आह्वानलाई मध्यनजर गर्दै परीक्षार्थीहरूलाई कुनै पनि समस्याबाट जोगाउन पुलिसले राज्यभर कडा सुरक्षा व्यवस्था मिलाएको थियो। यस वर्ष, पश्चिम बंगालमा ५.०९ लाख विद्यार्थीहरूले उच्च माध्यमिक परीक्षा

दिनेछन्, जसमध्ये अधिकांश छात्रा छन्। पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्का अध्यक्ष चिरंजीब भट्टाचार्यले गत वर्ष कक्षा १२ को परीक्षामा ७.९० लाख विद्यार्थीहरू सहभागी भएको तर यस पटक परीक्षार्थीको संख्या घटेर ५.०९ लाख पुगेको बताउनुभयो। कुल उम्मेदवारहरूमध्ये २.७७ लाख छात्राहरू छन्।परीक्षा २,०८९ केन्द्रमा हुनेछ, जहाँ चिट चोर्नबाट रोक्न सीसीटीभी क्यामेरा जडान गरिएको छ। साथै, कुनै पनि प्रकारको अनियमितता तुरुन्तै पत्ता लगाउन सकियोस् भनेर प्रश्नपत्र र उत्तरपुस्तिकाहरूमा क्यूआर कोड र बारकोड जस्ता विशेष सुरक्षा व्यवस्था गरिएको छ।

**उच्च माध्यमिक परीक्षा**

आजदेखि उच्च माध्यमिक परीक्षा शुरु भयो। दार्जिलिङ जिल्लाबाट 4206 विद्यार्थीहरुले परीक्षा दिइरहेका छन्। जसमा छात्रहरू को संख्या 1883 रहेको छ भने छात्राहरुको संख्या 2178 रहेको छ। परीक्षा सञ्चालन गर्न जिल्लामा कुल 22 वटा परीक्षा केन्द्र हरु रहेको छ। गत वर्षको तुलनामा मा यस वर्ष 388 परीक्षार्थी हरु कम रहेको छ। गत वर्ष जिल्ला बाट मोठ 4594 विद्यार्थी हरुले परीक्षा दिएका थिए। यसरी नै कालेबुङ जिल्लाबाट २७७० विद्यार्थीहरूले परीक्षा दिइरहेका छन्। जसमा छात्रहरुको संख्या १३२० रहेको छ भने छात्राहरुको संख्या १४५० रहेको छ। परीक्षा सन्चालन गर्न जिल्लामा कुल १५ वटा परीक्षा केन्द्रहरु रहेको छ।

**बिमल गुरुङको मिरिक भ्रमण**

गोर्खा जनमुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष बिमल गुरुङ 6 मार्चदेखि मिरिक भ्रमणमा आउने जानकारी गोजमुमो पार्टी प्रतिनिधिहरुले गराएका छन। गुरुङको मिरिक भ्रमण महत्वपूर्ण रहने तथा सम समायिक राजनीतिलाई केन्द्र गरी कार्यक्रमहरु बनाइने गोजमुमो मिरिक महकुमा अध्यक्ष रुपेश राईले बताउनु भएको छ। उहाँले बताए अनुसार गुरुङ एक हप्तासम्म मिरिक रहने अनि यस अवधि गुरुङले पार्टीमा रहेका कार्यकर्तासित भेट गर्नेछन्। यसैगरी मिरिक महकुमा युवा मोर्चा अध्यक्ष योगेश गोलेले अब पार्टीले बिकासतिर होइन निकासतिर केन्द्र गरी कार्य गर्ने मन्तव्य पोख्नु भयो। गोलेले राज्य सरकारको गोर्खा बिरोधी नितिको उल्लेख गर्दै अब जातीको उत्थानको निम्ति अघि आउनु पर्ने बताउनु भयो।

**इण्डियन गोर्खा जनशक्ति फ्रण्ड**

राज्य सरकारले जारी गरेको अधिसूचना फिर्ता गराउँन जीटीएले जीटीए सभा अविलम्ब बोलाउने मांग गर्दै निर्वाचित सभासद अजय एडवाडर्सले जीटीए चीफ अनित थापा र जीटीएको प्रिन्सिपल सेक्रेटेरीलाई पत्रचार गरेको छ।सभासद अजय एडवाडर्सले जीटीए चीफ अनित थापा र जीटीएको प्रिन्सिपल सेक्रेटेरीलाई लेखेको पत्रमा राज्य सरकारले राज्य सरकारले अधिसूचना जारी गरेर चिया बगानको 30 प्रतिशत जमीन अन्य ब्यापार उद्योगमा प्रयोग गरिने घोषणा चियाश्रमिकहरुको पक्षमा नरहेको उल्लेख गरेका छन।पत्रमा श्री एडवर्डसले अधिसूचनाको विषयलाई लिएर जीटीएले अविलम्ब जीटीए सभा डाकेर ती अधिसूचनाहरू फिर्ता गर्ने प्रस्तावमाथि चर्चासंगै निष्कर्श निकाल्न अति नै जरूरी रहेको बताएका छन। पत्रमा राज्य सरकारले जारी गरेको अधिसूचना भयानक अनि षडयन्त्र पूर्ण रहेको बताइएको छ।

**मिरिक महाकुमा-भागोप्रमो**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको मिरिक महाकुमाको 26 सदस्यीय पुर्णाक समिति आज गठन गरिएको छ। नव गठित समितिको अध्यक्ष धुर्ब बोम्जन अनि सचिवको रुपमा समित थापा नियुक्त भएका छन। मिरिक महकुमा अन्तर्गतका चारवटा समष्टिका पार्टी प्रतिनिधिहरुलाई सम्मिलित गरी समिति गठन गरिएको जानकारी प्राप्त भएको छ। स्मारण रहोस गत बर्ष मिरिक महकुमा समिति बिगठन गरिएको थियो भने नयाँ समितिले आगामी पार्टी रणनीति अनि जन सम्पर्क अभियान तिब्र गर्ने थाहा लागेको छ।

**लङ्भ्यू चियाबारी**

हिल प्लान्टेशन इम्प्लोइज युनियन(एचपीइयु)द्वारा लङ्भ्यू चियाबारीमा वर्षको पहिलो पत्ती टिप्न नदिने भन्दै धर्ना गरे लगत्तै मालिकपक्षबाट नो वर्क, नो पे-को नोटिस टाँसेपछि स्थिति अझ तनावपूर्ण बनेको छ। आज पनि एचपीयु समर्थित श्रमिकहरूले चिया बगान कार्यालयअघि धर्ना दिँदै नाराहरू लगाए। यद्यपि यस धर्ना प्रदर्शनलाई विभिन्न राजनीतिक दलका श्रमिक संगठनहरूद्वारा गठित संयुक्त फोरमका प्रतिनिधिहरूले पनि सम्बोधन गरेका थिए। आन्दोलनबारे अवगत गराउँदै एचपीइयुको पक्षबाट सुमेन्द्र तामाङले लङ्भ्यू चियाबारीका मालिकपक्षले युनियनद्वारा दिइएको मागपत्रको अमान्य गरेको अनि यसबारे छलफल गर्न आजसम्म कुनै बैठक नबोलाइएको जनाउँदै जबसम्म श्रमिकहरूको हितमा बुझाइएको मागपत्रलाई लिएर बैठक गरिँदैन तबसम्म यहाँबाट वर्षको पहिलो पत्ती टिप्न नदिने अडान रहेको स्पष्ठ परे ।

## टिङलीङ चियाबगान

मिरिकको टिङलीङ चियाबगानमा No work No Pay को नोटिस टाँसे पछि स्थिति तनावपूर्ण बनेको छ। श्रमिकहरुले पुजा बोनससहित अन्य आधारभुत सुविधाको माग गर्दै बर्षको पहिलो पत्ती नटिप्ने घोषणा गरेको छ। एक श्रमिक अनुसार शनिबार आफुहरुलाई फाल्तो मेलोमा काम लगाएको अनि आज अचानक आएर नोटिस टासिंएको जानकारी गराए। यसका साथै श्रमिकहरुले मालिक अनि प्रबन्धक पक्षको यो निर्णयको खुलेर बिरोध गरिरहेको छ।

## कालेबुङ पुलिस आर्काइब्स

कालेबुङ थाना साथै कालेबुङसित सम्बन्धित ऐतिहासिक दस्तावेजहरु सङ्ग्रह गरेर कालेबुङ पुलिसले 'कालेबुङ पुलिस आर्काइब्स' शुरु गरेको छ। टाउन हलको ठीक अघिल्तिर रहेको भवनमा शुरु गरिएको उक्त आर्काइब्समा अब जन साधारण साथै पर्यटकहरुले पनि निशुल्क प्रवेश गरेर उक्त दस्तावेजहरु साथै अन्य ऐतिहासिक कुराहरु हेर्न अनि त्यसबारे बुझ्न सक्नेछन्। आज जिल्ला अधिकारी बाला सुब्रमणियन टी अनि जिल्ला पुलिस अधिक्षक श्री हरि पाण्डेको विशेष उपस्थितिमा उक्त आर्काइब्सको उद्घाटन गरिएको छ।

## पाँचौँ बंगाल हिमालयन कार्निभल 2025

पाँचौँ बंगाल हिमालयन कार्निभल 2025 सोनादाको शेर्पा गुम्बामा समापन भएको छ। पश्चिम बंगाल सरकारको पर्यटन विभागसँगको सहकार्यमा हिमालयन आतिथ्य तथा पर्यटन विकास नेटवर्कले तीन दिने कार्निभल आयोजना गरेको थियो। कार्यक्रमको सह आयोजना सोनादा हिमालयन होमस्टे एसोसिएसन जोबंगलो सुखे खण्ड होम स्टे वेलफेयर एसोसिएसनले गरेका थिए। कार्निभल जलपाईगढीको टुरीबारी, त्यसपछि कालेबुङको रेशब र अन्त्यमा सोनादामा सम्पन्न भएको थियो। हिमालयन आतिथ्य तथा पर्यटन विकास नेटवर्कको सह सचिव तन्मय गोस्वामीले कानिभलको मुख्य उद्देश्य पर्यटन सम्भावना भएका साना साना गाउँहरूलाई प्रवर्द्धन गर्नु र सुन्दर पर्यटकीय स्थलहरू भएका यी साना गाउँहरूलाई आकर्षित तुल्याउनु हो भनी बताउनु भएको छ। कार्यक्रममा दार्जिलिङ महकुमा शासक रिचार्ड लेप्चाले पनि सम्बोधन गरेका थिए।

## युवाहरू भागोप्रमोमा सामेल

सौरैनी समस्टी अन्तर्गत फुवागडी चियाबारीमा आज भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो) मा स्थानीय युवाहरू सामेल भएका छन्। कार्यक्रममा भागोप्रमो सौरैनी समस्टीका अध्यक्ष एवं जीटीएका कार्यकारी सभासद अरुण सिङ्चीले नयाँ कार्यकर्ताहरूलाई स्वागत गर्दै पार्टीको उद्देश्य, संगठनको महत्व, तथा भविष्यका रणनीतिहरूबारे जानकारी गराउनु भयो। साथै, गोर्खा समुदायको हकहितका लागि युवा शक्तिको भूमिका महत्त्वपूर्ण हुने भन्दै सबैलाई संगठित भएर अघि बढ्न आह्वान पनि गर्नुभयो।